स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक बद्री पंगेनी, चोलेन्द्र पौडेलसहित १० जना गायक गायिकाको स्वर रहेको लोक दोहोरीगीत "बसे है पालेदाइ" हटाउन माग गरिएको छ। गीतमा विद्यालयलाई माया प्रेम गर्नेथलोका रूपमा चित्रण गरिएको भन्दै शिक्षक संघ-संगठनहरूले युट्युब लगायतका प्लेटफर्मबाट हटाउन माग गरेका हुन्। कास्कीको अन्नपूर्ण गाउँपालिकामा क्रियाशील शिक्षक संघ-संगठनले संयुक्त विज्ञप्ति जारी गर्दै गीतलाई प्रतिबन्ध गर्न माग गरेका छन्।

आजको विचार...



कृष्ण बोहरा

दृष्टिकोणमा...

(दुई पेजमा)



अभिनेता अनमोल केसीले नयाँ फिल्म 'जेरी: अन टप'को काम सुरु गरेका छन्। फिल्म 'फर्की फर्की'को जापान प्रिमियरबाट हालै फर्किएका उनले 'जेरी: अन टप'को वर्कसप सुरु गरेका हुन् । साउन १ गतेबाट छायांकनमा जाने तयारीमा रहेको फिल्मको केसीसँगै अभिनेत्री आँचल शर्मा पनि वर्कसपमा जुटेकी छन् । फिल्ममा केसी र शर्माले पहिलो पटक सहकार्य गर्दै छन् । केसी र शर्माको अलावा आना शर्माको पनि मुख्य भूमिका रहने फिल्म सरोज न्यौपानेले निर्माण गर्न लागेका हुन् ।

❒ वर्ष २९ ❒ अंक ३२३ ❒ २०८१ असार ८ गते शनिबार 22 June 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बुटवलको डेल्टा मार्टमा आगलागी

**लुम्बिनी,** असार ७/बुटवलको मिलनचोकमा रहेको डेल्टा मार्टमा आगलागी भएको छ । विद्युत् सर्ट भएर आगलागी भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

बिहीबार साँझदेखि लागेको आगो नियन्त्रणमा आएको छ । तीन तलाको मार्टको माथिल्लो तलाबाट सुरु भएको आगलागी झण्डै पाँच घण्टापछि नियन्त्रणमा आएको हो । आगलागी नियन्त्रणमा स्थानीय र प्रहरी जुटेका थिए । मार्टको वरपर घना बस्ती भएकाले बस्ती जोगाउन वारुणयन्त्र प्रयोग गरिएको थियो तर मार्टमा भने पूर्णरुपमा क्षति पुगेको छ । आगलागीबाट करोडौँ रकम बराबरको क्षति भएको अनुमान गरिएको तर यकिन विवरण नआइनसकेको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक ( डिएसपी) विजयराज पण्डितले बताए । आगो निभाउनका लागि रुपन्देहीका तिलोत्तमा, सैनामैना, सिद्धार्थ, देवदह, सुनवल नगरपालिका, कपिलवस्तुको शिवराज नगरपालिका र भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट दमकल ल्याइएको थियो । नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र, स्थानीयलगायतको प्रयासका कारण बस्तीमा आगा सल्कनबाट जोगिएको प्रहरीको भनाइ छ । बुटवल उपमहानगरपालिका-८ स्थित मिलनचोकमा रहेको उक्त मार्टमा शैक्षिक सामग्रीसहित जुत्ताचप्पल र नेपालमा उत्पादित कपडालगायतका पसल तथा केही कम्पनीका कार्यालय थिए । **-रासस**

## तानसेनको नीति, कार्यक्रम र बजेट

# उत्पादन, उत्पादकत्व र रोजगारी उच्च प्राथमिकतामा

# १ अरब ७६ करोड ७६ लाखको बजेट

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार ७/जिल्लाको तानसेन नगर सरकारले नीति, कार्यक्रम र बजेट नगरसभामा पेश गरेको छ । नगर सभाको १५ औं अधिवेशनमार्फत आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम र बजेट पेश भएको हो ।

शुक्रबार अधिवेशनको पहिलो बैंठकमा नगर प्रमुख सन्तोषलाल श्रेष्ठले १२० बुँदे नीति तथा कार्यक्रम र उपप्रमुख प्रतिक्षा सिंजालीले बजेट पेश गरेका हुन् । 'स्वस्थ्य शिक्षित, उद्यमशील, व्यवसायिक, सभ्य र सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, व्यवस्थित, समावेशी र समृद्ध सांस्कृतिक नगरपालिका' भन्ने लक्ष्यलाई साकार पार्ने गरी नीति तथा कार्यक्रम ल्याइएको नगर प्रमुख श्रेष्ठले बताए । उनले पेश गरेको नीति तथा कार्यक्रमले संविधान र संघीयताको प्रभावकारी कार्यान्वयनलाई जोड दिएको छ भने उत्पादन, उत्पादकत्व र रोजगारीलाई उच्च प्राथमिकतामा राखेको छ । पर्यटन, कृषि क्षेत्रमार्फत युवा उद्यमशीलता र रोजगारसँग जोड्ने गरी नीति तथा कार्यक्रम ल्याइएको नगर प्रमुख श्रेष्ठले उल्लेख गरे । पर्यटकीय




क्षेत्रको पूर्वधार विकासका लागि आवश्यकता अनुसार सडक, विद्युत्, पुल पुलेसा, खानेपानी, सार्वजनिक शौचालय, जानकारी पाटीको प्रवन्ध गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । ऐतिहासिक पाल्पा दरबार परिसरको विकासको लागि संघ, प्रदेश र पुरातत्व विभागसँग सहकार्य गरिने, अमरनारायण मन्दिर परिसरमा रहेको फुलबारी लगायत वडाहरुमा रहेका खुला क्षेत्रहरुको सौन्दर्यकरण गरिने, भगवती मन्दिरलाई पुरानै संरचनामा निर्माण गर्न आवश्यक पहल गरिने, स्थानीय समुदायको साझेदारीमा ऐतिहासिक टक्सार क्षेत्रलाई खुला संग्रहालयको रुपमा विकास गरिने, स्थानीय संस्कृतिकहरुको संवर्द्धनको लागि श्रीनगर सांस्कृतिक डवलीलाई अधिकतम प्रयोगमा ल्याउन स्थानीय समुदाय र नीजी क्षेत्रसँग सहकार्य गरिने समेत नीति तथा कार्यक्रममा समावेश गरिएको छ । यस्तै कृषि विकास तथा पशु सेवातर्फ कृषि तथा पशुपक्षी बजार सुचना, बजार तथा हाटबजारको पूर्वधार निर्माण, साना सिचाई निर्माण, तालिम तथा सीप विकास, प्रविधि प्रसार, प्राविधिक सेवा, टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने , किसानलाई विउ, मल, प्रविधि, प्रशोधन, भण्डार कार्यमा प्रत्यक्ष सहयोग तथा सशक्तीकरण गरिने, उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारिकरणलाई उच्च प्राथमिकता दिइने, व्यवसायिक गाई भैसी, बाखा, कुखुरा, बंगुरपालन तथा कृषि विउ, विजन वितरण तथा मौरी घारमा विशेष अनुदानको व्यवस्था मिलाईने, पशु नश्ल सुधार पद्धतीको विकासलाई विस्तार गरिने, जंगली जनावर नियन्त्रणको लागि सफल विकल्पहरु कार्यान्वयनमा ल्याइने नगर प्रमुख श्रेष्ठले बताए ।

-बाँकी अन्तिम पेजमा

## गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# रामपुरको नीति तथा कार्यक्रम सार्वजनिक

## ७३ करोड ८५ लाखको ल्यायो बजेट

**दानु हिस्की**

**पाल्पा (रामपुर),** असार ७/जिल्लाको रामपुर नगरपालिकाले बजेटसहित नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । नगपालिकाले नगरसभाको १५ औं अधिवेशनमार्फत आव २०८१/०८२ को लागि ७३ करोड ८५ लाख ४ हजारको बजेटसहित नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो ।


नगरसभामा नगर प्रमुख रमणबहादुर थापाले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रम प्रस्तुत गर्दै उनले नगर सरकारले उत्पादन वृद्धिलाई प्राथमिकतामा राखेको बताए । खाद्यान्न, बीउ विजनमा आत्मनिर्भरता, नगदे र रैथाने खाद्यान्न बालीको खेती विस्तार गर्दै व्यवसायिकरण गर्ने, कृषि तथा पशुपन्छी फर्म विस्तार, मागमा आधारित कार्यक्रमको पहिचान, स्थानीय उत्पादनलाई प्रोत्साहन, हाटबजार




सञ्चालन, निस्दीखोलको केही क्षेत्रमा माछा पकेट क्षेत्र बनाइने नीति अनुरुप विदेशबाट फर्किएका युवाहरुलाई रोजगारी, पर्यटन प्रवर्द्धनका लागि राम कथा सँग सम्बन्धित क्षेत्र, मठ मन्दिर, कुण्ड, नदी, ताल तलैया जोड्ने गरी रामायण सर्किटको अवधारणा अघि बढाउने, होटल व्यवसायी, उद्योग वाणिज्य संघ र छिमेकी स्थानीयतहसँग सहकार्य गरी यस वर्ष पर्यटन महोत्सव सञ्चालन गर्ने कार्यक्रम रहेको बताए । नगरसभा उपप्रमुख बालकुमारी थापाले बजेटसँगै आर्थिक विद्येयक र विनियोजन विद्येयक प्रस्तुत गरेकी हुन् । उनले आगामी वर्षको लागि ७३ करोड ८५ लाख ४ हजारको बजेट सार्वजनिक गरेकी हुन् । चालुतर्फ ५६ करोड ३१ लाख ४४ हजार र पूँजिगततर्फ १७ करोड ५३ लाख ६० हजार गरी ७३ करोड ८५ लाख ४ हजार विनियोजन गरिएको उपप्रमुख थापाले जानकारी दिइन् । आर्थिक विकासतर्फ ३ करोड १५ लाख ५२ हजार, सामाजिक विकासमा ४० करोड २६ लाख ९३ हजार, पूर्वाधार विकासमा ११ करोड ८० लाख ६० हजार, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र २ करोड ६१ लाख ९९ हजार र कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ १६ करोड विनियोजन गरिएको छ ।

*-बाँकी अन्तिम पेजमा*

सन्तोष चलचित्र मन्दिरमा...




आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट नेपाली फिल्म चलचित्र '**आचार्य**' । साथै चलचित्र '**दान्भी**' पनि चलिरहेको छ । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

*आचार्य: पहिलो शो : ११:३० बजे*

*दान्भी: दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

*टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## कहिले सम्म संघको मुख ताक्ने ?

**सातै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट ल्याएका छन् । सातमध्ये पाँच प्रदेश सरकारको बजेट खुम्चिएर आएको छ । संघ सरकारले गरेको अनुदान र राजस्व बाँडफाँटको रकम कटौतीको प्रभावले प्रदेश सरकारको बजेट खुम्चिन पुगेको हो । यसले के प्रष्ट हुन्छ भने अफै पनि प्रदेश सरकारहरु संघकै भर पर्नु पर्ने अवस्था कायमै छ ।**

**सबै प्रदेशले प्रदेशलाई बलियो बनाउने र आत्मनिर्भर बनाउने नीति लिएको दाबी गरे पनि बजेट सरसर्ती हेर्दा आफ्नो स्रोत परिचालनमा खासै ध्यान दिन सकेको देखिदैन । संघबाट आउने अनुदानकै आशले प्रदेशलाई चलायमान र बलियो कदापि बनाउदैन । बाह्य स्रोतमै भरपर्नु पर्ने र आन्तरिक स्रोतमा निरीह साबित हुँदै जाँदा मन खोलेर बजेट आउन नसक्नु अस्वाभाविक होइन । विशेषगरी, विगतका वर्षहरुमा संघीय सरकारले नै बजेटको आकारमा महत्वपूर्ण भूमिका निभाइरहेकोमा अहिले प्रदेशलाई दिने बजेट अनुदानमा भारी मात्रामा कटौती गरेको अवस्थाले बजेटमा प्रतिबिम्बित भएको हो । प्रदेश सरकारका लागि बजेटको मुख्य स्रोत नै संघबाट प्राप्त हुने राजस्व बाँडफाँट र अनुदानबाट प्राप्त हुने रकम हो । संघले प्रदेश र स्थानीय तहलाई राजस्व बाँडफाँट, समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान प्रदान गर्नुपर्ने सवैधानिक प्रावधान छ । तर संघले अनुदानमा कटौती गरेपछि प्रदेश सरकारले बजेट नै घटाउनु परेको छ । प्रदेश छुट्टै सरकार भए पनि आफुले चाहे अनुसारको बजेट र कार्यक्रम ल्याउन नसक्नु दुखद् हो । आन्तरिक स्रोतको परिचालनमा ध्यान नदिदा प्रदेश सरकारले यस्तो अवस्था व्हर्होनु परेको हो । प्रदेशले बनाउने हरेक बजेट तथा कार्यक्रम संघीय बजेटमै भर पर्नुपर्ने अवस्थाले प्रदेश सरकारहरु कहिले सक्षम र बलियो बन्ने भन्ने आम प्रश्न रहेको छ । प्रदेशले राजस्व संकलन दायरालाई बढाउने दिशामा ठोस काम गर्न सकेका छैनन् । प्रदेशलाई बलियो बनाउन, त्यहाँको आर्थिक सामर्थ्य बनाउन प्रदेश सरकारले इमानदारपूर्वक प्रयत्न गर्नुपर्ने खाँचो छ । नभए प्रदेशमा संघकै विकृतिहरु मात्र फैलिने निश्चित छ ।**

## Opinion @ Social Network

उहीं पुरानै छ कहानि जिन्दगीको,
फेरीएको केबल तस्बिर हो, तक्दिर होईन ।

*(विमला पाण्डेको फेसबुक स्टाटसबाट https://www.facebook.com/Bimala.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दृष्टिकोणमा अदलबदल



**कृष्ण बोहरा**

*आसै आशाको बीच गरिने कर्मले सन्तुष्टि पनि प्राप्त गर्दछ। आस्थावान मानिसले आफ्नो आस्थाकोलागि दुःख कष्ट र संघर्ष झेल्न पनि तयार हुन्छ । अरु कसैसँग बैमनस्य राख्न पनि ऊ तयार हुन्छ । यसका उदाहरण कम्यूनिष्ट आन्दोलनमा लागेका कार्यकर्ता र समर्थक जनतासमेत हुन् । दुःख र संघर्षका कथाका प्रत्येकसँग एउटा लामो इतिहास छ । कतिले घरवार गुमाए कतिले छोरा गुमाए, कतिले त आमा बुवा नै गुमाए । अहिले आएर सहिद कस्तो मानिसलाइ भनिन्छ ? परिभाषा नै बदलिने गरी सहिद घोषणा गर्न थालिएको छ । आस्था आस्था बिच टक्कर खानुपर्छ, व्यक्तिगत रुपमा आफैंलाई सहयोग गर्ने बिरुद्धमा पनि जान ऊ तयार हुन्छ ।*

हरेक बस्तु वा घटनालाई हामी जति नजिकबाट हेर्छौं त्यति त्यसमा प्रष्टता आउँदै जान्छ । प्रष्ट हुनलाई अझ नजिकबाट खोतल्नु आवश्यक छ । जति हामी नजिक जान्छौं र त्यसलाई खोतल्छौं उति उति प्रष्ट चित्र आउँछ । यसका राम्रा र नराम्रा कुराको वारेमा स्पष्ट चित्र देखिन थाल्छ । उदाहरणको लागि पोखरा शहर यस्तो होला भनि कल्पनामा पोखराको बारेमा धारण बनाउनु र त्यहीं पुगेर घुमेर बनेको धारणामा धेरै अन्तर हुन्छ । जति कुनै पनि बस्तु र घटनाको बारेमा प्रष्ट हुँदै जान्छ त्यति दृष्टिकोणहरु बदलिँदै जान्छन । राजतन्त्र, गणतन्त्र र लोकतन्त्रकोसमेत स्पष्ट चित्र आइसकेको छ । सुरुमा सर्बसाधारण सबैलाई लाग्दथ्यो कि राजा गएपछि त उलट पुलट हुनेछ। सर्बसाधारणको रोजिरोटीका समस्यादेखि सबै समस्या समाधान हुनेछ । जब राजा गएर गणतन्त्र आयो, तव देखियो सोचेको र कल्पना गरेको कुरामा सत्यताको अंश ज्यादै न्यून रहेछ । यति मात्र हैन दिएको आश्वासन समेत वास्तविकतामा मेल नखानेरहेछ । लेख्न पाइने, बोल्न पाइने, कराउन पाइने, कति राम्रो व्यबस्था' बोलेका कराएका कुरा राज्यले नसुन्ने भएपछि पागल हुन्छ मान्छे । हो यस्तै पागल हुन पाउने स्वतन्त्रता आजको लोकतान्त्रिक गणतन्त्रले सुरक्षित गरेको छ ।

वास्तवमा जनतालाई चाहिएको स्वतन्त्रता रोजिरोटीको स्वतन्त्रता हो। त्यो त पूरा भएन निद्र तर सर्बसाधारण सबैलाई यो कुरा सुरुमा थाहा थिएन । यदि यो कुरा थाहा हुन्थ्यो भने न राजतन्त्रको बिरुद्धमा यति बिघ्न मानिसहरु लाग्दथे । न माओवादी जनयुद्धमा बन्दुक बोक्ने मानिस नै भेटिन्थ्यो । यसै परिबेशमा पार्टी नेता तथा ठूला बडालाई हेर्ने दृष्टिकोण पनि बार बारको उनीहरुकै व्यबहारका कारण जवरजस्त दृष्टिकोणहरु परिवर्तन हुन्छन र हुँदै आएका छन । पञ्चायत कालदेखि आजसम्म आउँदा अनगिन्ती दृष्टिकोणहरु परिवर्तन भएका छन । यो दृष्टिकोण परिवर्तनका कुरा श्रृंखलाबद्ध छ । सकारात्मकबाट नकारात्मकतिर छ । पार्टीका इमान्दार कार्यकर्ता र जनतामा यो कुरा लागू भैरहेको छ । सुरुमा कांग्रेस र कम्युनिष्ट पार्टीका नेताहरुप्रति मानिसहरु सकारात्मक थिए । नेताहरु सबैका प्रिय नेताहरु थिए । उनीहरुले गरेका आह्वानमा मानिसहरु मर्न मार्न तयार हुन्थे । यसैकारण पहिलो र दोश्रो जनआन्दोलन सफल भएको थियो । जब यी दुबै पार्टीले पालैपालो सरकार बनाउन थाले सर्बसाधारणका सोचहरु उनीहरुप्रति बदलिन पनि थाले । यसमा एमालेको नौ महिने सरकार अपवाद हुन सक्छ । उदार पूँजीवाद, खुल्ला बजार नीतिले हाम्रो जस्तो बिकासोन्मूख देसलाई सखाप पारेर छाडयो । सबै राज्यको स्वामित्वमा भएका उद्योगहरु कौडीको दाममा बेचियो । बिदेशी स्वार्थका कारण उक्त उद्योगहरु पूराका पूरा बन्द नै भए । जसको फल हामीले अहिले भोग्दै छौं । यस्ता अनगिन्ती नकारात्मक कामहरु दृष्टिकोणहरु बदल्न सहायक सिद्ध भएका छन । तस्करी र काला बजारी बढे । घुसखोरी र भ्रष्टाचार पञ्चायत कालमा भन्दा ज्यादा बढ्यो । यो त चरम चुलीमा नै पुग्यो । कांग्रेस र कम्यूनिष्टका उ बेलाका राम्रा नेताहरु नराम्रा मानिसमा बदि्लए । मानिस उनै हुन तर उनीहरु पहिले राम्रा लाग्थ्यो अव राम्रा लाग्न छाड्यो । किनकी पहिले उनीहरुको कुरा र भाषणको आधारमा मन मष्तिष्कमा धारणा बनाइएको थियो । अहिले उनीहरुको व्यबहारका आधारमा मूल्यांकन भयो । नेताहरुका आलिसान महल राजधानीमा ठडियो । अथाह पूँजीका मालिक उनीहरु भए। यसका कुनै पनि श्रोत कुनै नेताले पनि खोलेनन् । जनता नांगा र भोका भए । अपवादका रुपमा मदन भण्डारी, मनमोहन अधिकारी, गणेशमान र कृष्णप्रसाद भट्टराईलाई अहिले पनि धेरैले राम्रो मानिसको लिष्टमा सुरक्षित गरेको छन् । किनकी उनीहरुका राम्रा कामको मूल्यांकन गरेका छन सबैले । केही मझौला र तल्ला तहका नेता अपबाद हुन सक्लान तर अधिकांश नेताप्रतिको दृष्टिकोण आज आएर बदलिइसकेको छ । जनता र कार्यकर्तामा मात्र हैन कि नेताले सामान्य जनता र कार्यकर्तालाई हेर्ने दृष्टिकोण पनि परिवर्तन भैरहेको छ । चाकडी लिने र दिने रुपमा यस्तो दृष्टिकोणहरु फेरबदल भैरहेको देखिन्छ । चाकडी पुऱ्याउनेहरु प्रति नेताहरु अनुग्रहित हुन्छन् । नपुऱ्याउनेलाई बहिष्कृत गर्छन् । कार्यकर्ताका सामान्य गल्ती पनि नेताहरुका दृष्टिकोण बदल्न काफी छन । नेताहरुका गल्तीहरु झांगिन मलजलको कमी छैन । चाकडीवाजको चाकडीले मलको काम गरिरहेको हुन्छ । जसले विकृती र बिसंगती चारैतिर फैलिँदै गैरहेको छ । भ्रष्टाचार कुशासन र अनेक विकृतिका कारक यही नै हो । यसको परिणाम के देखिन्छ भने पार्टीहरु र यसका नेताहरु जनताका नजरमा फिका भैरहेका छन् । बिध्यमान व्यबस्थाप्रति जनताको आकर्षण घट्दो क्रममा छ । अब त वाक्क वाक्कको परिस्थिति श्रृजना भैरहेको छ । तल्लो तहका जनता र सामान्य पार्टीका कार्यकर्तामा पार्टीगत इगो नहुने हो भने करिव करिव सबैको ठूला र शीर्ष नेताहरुप्रति हेर्ने दृष्टिकोणमा एकरुपता आइसक्ने थियो । तर यस्तो इगो बेला बेलामा आउने चुनाव त्यसबेला बाडिने पैसा र कार्यकर्तालाई दिइने महत्व र बेला बेलामा हुने प्रशिक्षणले श्रृजना गरिदिएको हो । अझ यसो भनु जनता फुटाई आफ्नो स्वार्थ सिद्ध गर्न नेताहरुले नै यस्तो इगो घुसाइदिएका हुन ।

जब कि सिद्धान्त बिचार र ब्यबहारले सबै च्यूत भैसकेका छन भने, बाँकी बिबाद र झगडा के का लागि ? आफ्नो स्वार्थ पूर्ति गर्न नेताहरु जुनसुकै बेला पनि मिल्ने र नीजि स्वार्थ बाजिएपछि फुट्ने गर्दछन् । मिल्दा उनीहरु एउटै टेबुलमा बसेर पाँच तारे होटलको रसोस्वादन पनि गरिरहेका हुन्छन् । यदि यसो हो भने सामान्य समर्थक र सामान्य कार्यकर्ताहरुले आपसी झगडा र द्वन्द्वमा भाग लिनुको तुक कहाँ नेर छ त ? छैन । जहाँसम्म संसदीय व्यबस्थाको कुरा छ, यसमा बिपक्षी पार्टीको आवश्यकता रचनात्मक सुझाव र बिरोधकोलागि हो । निजी स्वार्थ पूर्तिकालागि बिरोध हैन । यहाँ त मन्त्री यति सिट पाए पक्षमा बस्ने नत्र बिपक्षमा बस्ने भन्ने हुन्छ । मन्त्री बनेपछि पनि जनताका समस्या सामाधान गर्ने भन्दा नीजि स्वार्थ सिद्ध गर्ने गरिन्छ । सर्बसाधारणले कुरा बुझिसकेका छन् । बिस्तारै बिध्यमान अवस्थामा परिवर्तन भैरहेको छ । मात्रै केही पाएकाहरु र केही आशा राख्नेहरुले पार्टीहरु टिकिरहेको छ । बिकल्प नभएर अलमलिएका छन् जनताहरु । बिकल्प पाउनासाथ त्यतै पल्ला भारी हुनेछ । स्वतन्त्र व्यक्तिहरुले पनि चुनाव जित्नु यसका प्रमाणित आधारहरु हुन् । बिश्वास र आस्थाले मानिसलाई आशा जगाउने काम गर्दछ । आसै आशाको बीच गरिने कर्मले सन्तुष्टि पनि प्राप्त गर्दछ। आस्थावान मानिसले आफ्नो आस्थाकोलागि दुःख कष्ट र संघर्ष झेल्न पनि तयार हुन्छ । अरु कसैसँग बैमनस्य राख्न पनि ऊ तयार हुन्छ । यसका उदाहरण कम्यूनिष्ट आन्दोलनमा लागेका कार्यकर्ता र समर्थक जनतासमेत हुन् । दुःख र संघर्षका कथाका प्रत्येकसँग एउटा लामो इतिहास छ । कतिले घरवार गुमाए कतिले छोरा गुमाए, कतिले त आमा बुवा नै गुमाए । अहिले आएर सहिद कस्तो मानिसलाइ भनिन्छ ? परिभाषा नै बदलिने गरी सहिद घोषणा गर्न थालिएको छ । आस्था आस्था बिच टक्कर खानुपर्छ, व्यक्तिगत रुपमा आफैंलाई सहयोग गर्ने बिरुद्धमा पनि जान ऊ तयार हुन्छ । अफसोच यस्ता आस्थाहरु जीवनको कुनै कालखण्डमा भत्कन पनि सक्छ । आस्थाका धरोहरको निष्पक्षता स्वच्छतामा जव प्रश्न चिन्ह उपस्थित हुन्छ, तब त्यो दिन आउन पनि सक्छ । जव तपाईको पारिवारिक जीवन तहस नहस हुन्छ , त्यतिखेर कोही त भगवानलाई पनि गाली गर्न थाल्छन् । जव समाज र देसको मुहार हसाउने उच्च लक्ष्यकासाथ कुनै आस्था हुर्केको हुन्छ, आस्थाको धरोहर टुट्ने बित्तिकै त्यस्तो धरहराको टुप्पोमा उभिनेप्रती घृणा जन्मिन थाल्छ । यसैले यस्ता धरोहर नबिग्रिउन भन्नकालागि आस्थावानहरु पनि बढ्ता सचेत र सजग हुन आवश्यक छ । यदि सचेत हुनुभएन भने सबैभन्दा बढ्ता घाटा तपाईलाई नै हुन्छ जो आस्थावान छ । समाज अत्याधुनिक बिज्ञान र प्रबिधिले सुसज्जित हुँदैछ । संसार हिजो भन्दा आज झन प्रबिधि सम्पन्न भैरहेको छ । यसैले मानव जीवनको सूदुर भविष्यको पनि निश्चित गर्ने छ । आजसम्म मानवले गरेको संघर्ष जीवन जीउनकालागि हो । अझ भनु जीवनका आयामहरुलाई स्तरीय बनाउनकालागि हो । यसैले अवको आस्था पनि जीवनसंग मेल खानेगरी अघि बढ्नु आवश्यक छ । आस्थाहरु भत्कनु र दृष्टिकोणहरु अदल बदल हुनु आजका राजनीतिक प्रणाली र यसमा सहभागी नेताहरुको व्यवहारगत कृयाकलापहरु जिम्वेवार छन । राजनीतिक प्रणालीमा सुधार गरेर यसलाई सच्याउन सकिन्छ । नीति नियम र सिद्धान्तमा चल्ने नेता कार्यकर्ता भएमा यसको सुधार पनि सम्भव छ । त्यसपछि मात्र जनतालाई पनि कानुन नीति नियमहरुको ज्ञान र यसमा अभ्यस्त पार्न सके दृष्टिकोणहरुमा सकारात्मक सुधार गर्न सकिन्छ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मन खिन्न हुने स्थिति आउनेछ । कार्य सम्पादनमा सहजता नमिल्ला । | **तुला** : बन्धुबाट सहयोग मिल्नेछ । प्रेममा सफलता प्राप्त हुनेछ । |
| **वृष** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजग रहनु होला । | **वृश्चिक** : मन कमजोर रहला । घरमा झैझमेलाको अवस्था आउला । |
| **मिथुन** : नोकरी तथा व्यवसायमा लाभ मिल्नेछ । आर्थिकस्तर माथि हुनेछ । | **धनु** : रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । रोमाञ्चक यात्रा होला । |
| **कर्कट** : छोटो यात्रा तथा मान सम्मान मिल्नेछ । अधुरो काम पनि बन्न सक्छ। | **मकर** : प्रेमीको सहयोग प्राप्त हुनेछ । धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । |
| **सिंह** : मित्रसंगको भेटघाटले मन प्रसन्न हुनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । | **कुम्भ** : श्रमको उचित मूल्याङ्कन हुनेछ। मनमा उमङ्ग र उत्साह छाउनेछ । |
| **कन्या** : कुनै कुराले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **मीन** : बकला र गलाको प्रभाव बढ्नेछ। शुभ समाचार सुन्न पाइएला । |

# साहित्य दर्पण

छोटोकथा — मन गहिरे

## छुटेको प्लेन

एयरपोर्टको वेटिङ रुममा एनाउन्स गरिरहेको थियो । 'बुद्ध एयरको दश पचपन्न बजेको उडान एयर ट्राफिकिङका कारण थप एक घण्टा डिले गरिएको छ । यसबाट यात्रु महानुभावहरूमा पर्न जाने असुविधाका लागि क्षमाप्रार्थी छौं धन्यवाद !'

यो सुनिरहँदा दिक्क लागिसकेको थियो । बरु बस चढेर गएको भए पनि पुगिन्थ्यो होला । बिहान दश पचपन्नको प्लेन चार बज्दा सम्म पनि यो हाल छ । हरेक डिले भएका प्लेनका यात्रुहरूले वेटिङ रुम खचाखच भरिएको थियो । आजै भैरहवाबाट काठमाडौं पुग्ने र भोली युरोप प्रस्थान गर्ने मेरो योजना कछुवाको गतिमा हुन थाल्यो । मन भित्रको अन्तर जलन अर्को थियो । मन मिल्नेले, विश्वास गरेकाले दिएको चोटले त्रसित भएको मन मस्तिष्कमा समुद्रको छाल जस्तै तरङ्गित छन् । मनभित्रका ज्वारभाटाहरू अविरल र अभिश्रान्त बनेका छन् । जसरी मान्छेले नजाती गरी ठगे त्यसै गरी यो समयले पनि ठगिरहेको थियो । हातको घडी हेर्दै भित्तामा राखिएको स्क्रिनमा हेर्छु । स्क्रिनमा लेखिएको टाइम सेडुलमा आँखा टक्क अडिन्छन् । मनको बह उर्लिन्छ खहरे झैं अनि कताकता नजाती गरी छाती चर्किन्छ, 'हो यही समय यसै गरी प्लेन डिले हुँदा परिचित बनेकी 'रिहाना' कति भद्र र शालीन थिई । कुर्था सलवारमा बिना मेकप पनि ऊ उत्तिकै राम्री थिई । त्यही परिचयबाट प्रेमिका भएकी रिहानासँग करिब पाँच वर्षसम्म चलेको प्रेमलाई हामीले विवाहमा परिणत गरेका थियौं । हाम्रो घरसंसार स्वर्ग झैं थियो । म दुनियाँको सबै भन्दा भाग्यमानी पुरुष थिएँ । सुशील र असल श्रीमती पाएकोमा मलाई गर्व थियो ।



हातको घडी हेर्दै भित्तामा राखिएको स्क्रिनमा हेर्छु । स्क्रिनमा लेखिएको टाइम सेडुलमा आँखा टक्क अडिन्छन् । मनको बह उर्लिन्छ खहरे झैं अनि कताकता नजाती गरी छाती चर्किन्छ, 'हो यही समय यसै गरी प्लेन डिले हुँदा परिचित बनेकी 'रिहाना' कति भद्र र शालीन थिई । कुर्था सलवारमा बिना मेकप पनि ऊ उत्तिकै राम्री थिई । त्यही परिचयबाट प्रेमिका भएकी रिहानासँग करिब पाँच वर्षसम्म चलेको प्रेमलाई हामीले विवाहमा परिणत गरेका थियौं । हाम्रो घरसंसार स्वर्ग झैं थियो । म दुनियाँको सबै भन्दा भाग्यमानी पुरुष थिएँ । सुशील र असल श्रीमती पाएकोमा मलाई गर्व थियो ।

समय बित्न कति बेर पो लाग्थ्यो र जब चार्टर एकाउन्टबाट बाहिरको प्लान आयो । तब म क्यारियरको लागि युरोप जाने सर सल्लाहबाटै निधो हुन्छ । अन्तिम पटक त्रिभुवन इन्टरनेसनल एयरपोट काठमाडौंबाट म छुटिनु पर्दा ऊ मेरो छातीमा टाँसिएर धरधर्ती रोइरहेकी थिई । कति स्नेही थिए उसका ती निश्चल आँसुहरू । भावुकतामा म झन्डै पागल बनेको थिएँ । कसरी छुट्टिने भन्ने पिरले सताउँथ्यो । सम्झन्छु उसले मलाई दिएका ती प्रत्येक पल, म नभै ऊ निदाउन पनि सक्दिन्थी, एक दिन नभेटे ऊ शून्य जस्तै हुन्थी । म उसको आदत बनेको थिएँ । यी सबै मन मिल्दाका नि:स्वार्थी पनका आभारहरू थिए । म उसको प्रेमले निथ्रुक्क भिजेको थिएँ । जिन्दगी यस्तै माया प्रेममै बित्नेछ भन्ने विश्वासका साथ मिठो सपना बोकेर आफ्नो जन्मेको थाकथलो छोडेर विदेशिन बाध्य भएको थिएँ ।

तर नियति यति कठोर भैदियो कि म फर्केर आउँदा त्यो मेरो घर भत्किएको थियो । चराले गुँड छोडेर आकाशमा स्वतन्त्र भई हराइरहेको भान भइरह्यो । आज मेरो मैरै छायाले काल कोठरी तर्फ धकेली रहे झैं अनुभूति बारम्बार भै रहेछ । सत्य र इमानदारिताको पर्दा यसरी घुमिल हुन्छ भन्ने त मैले सोचेको पनि थिइनँ । यतिका वर्षको मेरो मेहनतको कमाइ भए भरको सम्पत्ति हिनामिना त भयो त्यस माथि रिहानाले जुन आत्मघाती कदम चाली यति छोटो समयमा मेरो अनुपस्थितिमा अर्कोको घर बसाउन हिँडी । म सम्झन पनि सक्दिन । लाग्छ मेरो केही खोट थियो, या उसलाई विश्वास गर्नु मेरै भुल थियो ।

सायद म झसङ्ग भएँ ।'

'हेलो सर !' कसैले मलाई नजिकै आएर बोलाउँछ, 'तपाई दश पचपन्नको लाइटको यात्रु हो ?'

म हतारिँदै भन्छु, 'हो हो ।'

'तपाई कहाँ हुनुहुन्थ्यो यति बेर बोलाइरहँदा ? अब तपाईको त्यो प्लेन छुट्यो । अर्को प्लेनमा सिफ्ट गर्नु पर्थ्यो ।'...??

उफ् ! यो के भएको छ मलाई । म अझै किन उसकै यादमा डुबिरहेछु हे प्रभु । रिहानाले मलाई डुबाएर आफू कहाँ रमाएकी होली ? म त्यो विमान स्थलको कर्मचारीलाई एक टकले हेरिरहेछु । उसले फेरि बोलाउँछ, 'हेलो सर कता टोलाउनु भो ?'

'हँ ?'

मलाई उसले सतर्क बढाउँदै थियो । मैले 'ल ल हुन्छ' भनिदिएँ । कुर्सीमा अड्याएको ल्यापटप ब्यागलाई पछाडि भिर्दै म काउन्टरतिर फर्कने तरखरमा थिएँ । उताबाट एक परिचित अनुहार मै तर्फ आउँदै थियो । हाफ टिसर्ट, जिन्सको हाफपाइन्ट, कालो चस्मा लाएकी केटी, डेडलक कपालको मुठो पालेको केटाको हातमा हात समाउँदै मन्द मुस्कानका साथ मै तर्फ लम्किँदै थियो ।

मैले सपना हो कि विपना झैं मानेर आँखा चिम्म गरैं । त्रएक निमेष आँखा उघारें, ती यात्रु मलाई नै धक्का दिँदै अलि पर पुगेछन् । पर पुगेकी ती केटीले पछाडि फर्केर फेरि हात हल्लाउँदै गई । म साँच्चिकै पागल बनेको रै छु । उसलाई बल्ल चिनें । ऊ उही रिहाना रै छ । मेरा गन्तव्यहीन पाइलाहरू अनायासै विपरीत दिशा तर्फ मोडिए । टुटेको सम्बन्ध र छुटेको प्लेनले आज पनि नराम्रो गरी झड्का दियो । *-साहित्यपोस्ट डटकम*

---

कथा — जगन्नाथ पन्त

## सन्यासीको लंगौटी यथोचित कि अनुचित ?

कुनै समय एका देशमा एक जना सन्यासी रहेछन् । अलि परको वनमा स्याउलाको कुटि बनाएर बस्दा रहेछन् । हप्ता सात दिन पछि जंगलमा गएका गोठालाहरूले उनलाई देखेछन् र गाउँले सबैलाई सुनाए छन् । केहि मानिसहरु भेट्न गएछन् । फलफूल खानेकुरा अर्पण गरे छन् । केहि दिनको अन्तरालमा उनलाई भेट्न जाने गरेछन् । एक दिन गाउँलेले सोधे छन् हजुरलाई कुनै तकलिफ भए भन्नु हामी सहयोग गरौंला । सन्यासीले भनेछन्, अरु त हजुरहरुको सहयोगले पुगिसरि छ, एउटा मुसाले मेरो लंगौटी काटेर दुख दिएको छ ।

भएको एउटा लंगौटी मुसाले काटेर प्वाल पारि दियो । छोप्न गाह्रो भछ । भक्तले एउटा बिरालो ल्याइदिए । मुसा सकिएपछि बिरालोलाई खाना के दिने अर्को समस्या थपियो । गाउँलेले एउटा दुधालु गाई दिए । गाईलाई घाँस, पानी, कुडो, हेरचार गर्न समस्या भो । फेरी भक्तले हसिया, नाम्लो, गाग्री, ताउला दिए । हेरचाह गरौ कि ध्यान गरु भनेपछि एकजना सहायकको व्यवस्था गरिदिए । सहायकलाई लत्ता कपडा अभाव भयो त्यो पनि दिएछन् । एकाध वर्षपछि सहायक र सन्यासीको प्रेम भएछ । सन्तान भएछन्, झल्यास भएर सन्यासी घर फर्केछन् । मुसाबाट लंगौटी जोगाउन नसक्दा फेरि गृहस्थी भएछन् । झन दुईवटा घरबार भयो, कलह थपिँदै गयो । फेरी विरक्त भएर हिडेछन् । जोगि भएछन् । कति दिन भोकै भए । एकदिन हिड्दै गर्दा एउटा सुनसान ठाउँमा ईनार देखेछन् । यसो ईनारको पानी खाउ भनि हेरेको सिंह ईनारमा फसेको देखे । सिंहले बिन्ति गरेछ हे सज्जन मलाई निकाल्नु हवस् । ए तिमी हिंस्रक जनावर तिमीलाई निकाले त मलाई तिमीले खाइहाल्छौ हुँदैन भनेछन् । म गुन बिर्सने छैन, हजुरलाई केहि हानी गर्दिन, बरु परेको बेला सहायता गरौला भनेर अनेक अनुनय विनय गरेछ सिंहले । दया जागेछ र एउटा बलियो लहरा खोजेर ईनारमा खसाली सिंहलाई निकाले छन् । सिंहले धन्यवाद दिदै म त्यो जंगलको बीचमा गुफा छ त्यही हुन्छु कुनै दुख परे आउनु म सहायता गर्ने छु भनेर खुसी हुँदै हिडेछ । सिंह निस्कना साथ एउटा बाँदर देखा परेछ । बाँदरले पनि निकाल्न अनुनय गरेछ । बाँदरलाई पनि निकाले छन् । बाँदरले धन्यवाद दिदै दुख परे संभनु भनेछ । त्यत्तिकैमा एउटा मानिस पनि मलाई पनि उद्धार गर्नुस् भनि विन्ति गरेछन् । बाँदरले जोगिलाई भनेछ, हुन त यिनी तपाईका सजातिय हुन, जनावरलाई त उद्धार गर्नु भयो मान्छेलाई नगर्ने हजुरलाई मन नहुने कुरै भएन । तर यो साह्रै वेमान छ । हामीलाई फसाउने यहि हो । यसले पछि हजुरलाई पनि फसाद पार्छ, ननिकाल्नु, म त यो जंगलमा बस्छु दुख परे सम्झनु भन्दै ज्यान बचाइ दिएकोमा धन्यवाद दिएर हिडेछ । यता त्यो मानिस ईनार भित्रबाट अनुनय गर्न थाले । म सुन ज्वहारतको काम गर्ने कालिगढ हु, हजुरलाई दुख पर्दा सहयोग गर्नेछु, कृपागरी मलाई निकाल्नु होस् । दया लाग्यो मानिसलाई पनि निकाले, कालिगढले धन्यवाद दियो, आफ्नो पसलको ठेगाना दिएर आभार व्यक्त गरेर हिड्यो ।

समय व्यतित हुँदै गर्दा एक दिन जोगिले घर संझे, श्रीमतीहरु, छोराछोरीको यादले सतायो । आफु वृद्ध, अशक्त भएकाले आफन्त खोज्यो मनले । फेरि यतिका वर्षपछि रित्तै जादा मलाई के माया गर्लान र भनि सोच मग्न भए । भगवान रामले त बाँदरको सहायता लिएका थिए म किन नलिने भनि बाँदर कहाँ गए । बाँदरले खुसी हुँदै स्वागत गर्यो । स्वादिष्ट फलफुल रुखबाट ल्याएर खान दियो । जोगिलाई चिन्तित देखेर सोध्यो, तपाईको चिन्ताको समाधान सिंहले गर्लान कि भनि सिंहको गुफा सम्म लगिदियो र फर्क्यो । सिंहले खुसी हुँदै स्वागत सत्कार गर्यो । हिरा जडित सुनको ठुलो हार दियो सिंहले । राजकुमार शीकार खेल्न जाँदा बाटो बिराइ एक्लै परेपछि सिंहसंगको लडाईमा मारिएका रहेछन् । उनको गलामा भएको हार सिहले गुफामा राखेको रहेछ । त्यहि हारको लोभमा कालिगढ भाग्दा भाग्दै, बाँदर रमिता हेर्दा र सिंह कालिगढलाई पकड्ने क्रममा ईनारमा खसेर फसेका रहेछन् । सिंहबाट करोडौको हार पाएका जोगि, नगदमा परिणत गर्ने लोभमा कालिगढका पुगे छन् । त्यही कालिगढले राजकुमारको हार कुदेको थियो । केहि छिन वस्नु, यसलाई कति पर्छ मबजारमा बुझेर आउछु र हजुरलाई सकेसम्म बढी मूल्य पारि दिन्छु भनेछ । जोगिलाई सत्कारका साथ भोजन, आराम गराउनु भनेर जहानलाई अह्राएर दरबारतर्फ लागेछ । राजालाई गएर हार देखाउँदै, यो हार वेच्न आएको मान्छेलाई मैले घरमा बन्धक बनाएकोछु, राजकुमारको हत्या गरि हार लुट्ने पक्कै उहि हुनु पर्छ भनेर चाकडी बजाए छ । राजाका आदेश मुताविक सैनिकले जोगिलाई पाता कसेर लगेछन् र राजाले जेलमा कोचेछन् । उता कालिगढ पुरस्कृत भए छ । एक पिडिंको पाखण्ड अर्को पिडिंको परम्परा बन्छ भनेकी थिइन हेलन केलरले । हाम्रो जस्ता देशमा सुशासन, विधिको शासनलाई निकै जोड दिइन्छ । तर कार्यान्वयनमा उल्टो परिणाम निस्कन्छ सधैं । अरुलाई सुनाउँछन्, सुशासन भएन भनेर । मानौ कि खेत बारीमा काम गर्ने किसानले, भारी वोकने भरियाले, बट्वाले, किसानले विगारेर यो देश विग्रिएको हो ? दश वर्षमा देशको आर्थिक कायापलाट गर्छौं भनेका एशियाको नं एक गरिब हुनु गर्व भयो । भन्ने एकथोक गर्ने अर्को थोकको पाखण्ड इनहेरिटेन्ट बनिरहेको छ । मानौ तिनका लंगौटी काट्ने सर्वसाधारण हुन । खाटि पुरानाका नयाँ हुन वा तिनै पुरानालाई सत्तो सरापेका नयाँ वा पुरानामा रहँदा गाथा गाएर नथाकेका एकाएक नयाँ बनेर आशा जगाएका पनि उनै पुरानाका गोटी, बैशाखी, मतियार मात्र हुन कि भन्ने झलक देखिदै छ । पुरानका पाखण्ड नयाँका परम्परा बनिसके । पुरानाका गोटी बनेर सकिने हुन कि जस्तो छाटकाट छ । अल्लाई जे भनेर लोकप्रिय भए, सफल भए, अरुले त्यहि भन्दा, विगत कोट्याइ दिदा उठिवास, बनिबास गराउँदै नसक्लान भन्न गाह्रो, साह्रो छ । बहरलाई दाउने पाको गोरुसंग नारेर हो, तर पाको गोरुले सियोमा नहिंडेर राटो छोडेर मेलो बिगार्न सिकाएको पत्तो पाएको छैन बहरले । हली रमिते बनेको छ । उचित, अनुचित खै के खै के । साना केटाकेटी भाडाकुटी खेल्छन्, एकछिनमा झगडा गर्छन्, एकापसमा गालीगलौज गर्दा हारेपछि, तलाई मेरो भोटे कुकुरले टोकाउछु, बाउलाई भनेर तलाई पिटाउछु, तेरो भैसी काली, तेरी गाई डल्ली, मेरो खुट्टा चप्पल छ, तेरो खुट्टा खाली, मेरो गोरुले तेरो गहलाई जित्छ, तेरो भैसिले भन्दा मेरो भैसिले राम्रो पाडि पाछ भन्छन्, कट्टि भन्दै छुट्टिन्छन्, अर्को दिन फेरि खेल खेल्छन् मिलेर । सभामा नि त्यही गर्दा रछन्, केटाकेटी झगडा गर्दा, अवेरसम्म खेल्दा बाउआमाले गर्छन्, गाली, तर यिनले खान्छन् आफ्नाको ताली, फरक यत्ति हो । वन पसेर लंगौटी जोगाउन नसकेका हुन वा फर्केर घरजम सम्हान नसकेर जोगि बनेका हुन कालिगढको जालमा परेका छन् । नयाँ फुर्तिफार्ति गर्ने पनि पुराना पिडिकै पदचापमा छन् । यथार्थ सोच र व्यवहार यथोचित मानिन्छ । विपत्ति सिर्जना गर्ने सोच र व्यवहार अनुचित मानिन्छ । सर्वोचित न थियो न छ नहुने छ । सज्जन मानिसका अनुकरणीय व्यवहार उचित र दुर्जन मानिसका कपटी व्यवहार अनुचित हुन्छन् । मानिसलाई सज्जन र दुर्जन बनाउने उसको व्यवहारले हो, रुपरंगले होइन । विधी, पद्दति नै अनुचित बनाउँछ दुर्जनले । आफु टिक्न कुरा, बोलि, विधी, निर्णय फेरि रहन्छ । शक्तिको दुरुपयोग गर्दा बहादुरी ठान्छ । आफुखुसी उपयोगी बनेर दुर्जनको कित्तामा उभिन्छ । यसो गर्छु, उसो गर्छु भनेर आस्वासन वा विस्वास लिने तर बोलेको वा लेखेको पुरा नगर्ने धोकेबाज । एउटा हातमा माला र अर्को हातमा भाला बोकेर बसेकाले कतिबेला कुन हात अगाडि सार्ने हो पत्तै हुँदैन । गलामा माला पर्न पनि सक्छ, छातीमा भाला रोपिन पनि सक्छ । जीवन कागजको खाली पाना हो । नलेखि सादा पन्नामा कुनै अर्थ भेटिँदैन । सार्थक नबनाए जीवन व्यर्थ हुन्छ । जीवन बनिबनाऊ अर्थ होइन, खुला किताब हो । बुद्धले शान्ति र अहिंसाको मार्ग देखाए र भगवान् भए, हिटलरले अशान्ति र हिंसा फैलाए र इतिहास कलंकित बनाए । बुद्धले सर्वत्र उचित हुन सिकाए, हिटलर अनुचितका पर्याय बनेर गए ।

दशक पहिलेको हिन्दी चलचित्रमा स्कुलको एउटा विद्यार्थी दौडमा तेस्रो पुरस्कार जुत्ता देखेर दौडियो । उ जुत्ता किन्न नसकेर खालि खुट्टा स्कुल जान बाध्य थियो । तर दौडमा उ प्रथम भयो, पुरस्कार त ठुलो पायो तर जुत्ता पाएन । प्रथम भएकोमा धुरुधुरु रोयो । यस्तै छ आजकल । उचित छोडि अनुचितमा लाग्दा के के गर्छस् के -के ? उत्साही, पराक्रमी, आकर्षक, चमत्कारी बनाउछस्, शिखरमा पुऱ्याएर रहस्यमयी बनाउछस्, अद्भुत व्यवहार सिकाएर गर्लम्म लडाउछस् । जबरजस्त गफाडी, उल्टासिधा, हो हल्ला, टेडोमेठो मोलजोल सिकाएर प्यारो बनाउछस्, अरुले त्यसै गरि दिदा भन भाउछस् , रिसाउछस्, असह्य वेदना दिन्छस् । फटाफट सिंडि चढाउछस्, उपल्लो खुट्किलोबाट चिप्लाएर जमिनमा पछार्छस् । चलाख बनाउछस्, त बनाउछस्, मुर्ख बनाउछस्, घमण्ड चढाउछस् , दोष सार्छस्, भगौडा बनाउछस् । मैत्रि संवाद, शालिनता, परोपकार, धैर्यता, उदारता, समभ्रदारिता गायब गरी मिलिभगत, बलिको बकरा, चक्रव्यूहमा पार्छस् अनि अनीती, अत्याचारी बनाउछस् । अटल, अद्‌भुत, कुशल, शानदार मानदारलाई खाल्टामा खसाल्छस् र सक्छस् ।

यथा दृष्टि तथा सृष्टि । ब्राह्मणलाई वस्त्र भन्दा शास्त्र प्यारो, क्षेत्रियलाई वस्त्र भन्दा अस्त्र प्यारो, वैस्यलाई नाता भन्दा नाफा प्यारो । आफ्नै भन्दा गठबन्धन प्यारो, निरन्तरता भन्दा फेरबदल प्यारो, धेरै भन्दा थोरै भारी । गर्ने भन्दा बोल्ने प्यारो, अरु डाकु आफु साधु, बाजे भन्दा नाती जेठो, नाङ्गो नाचो सत्र दाउ । हे अनुचित ! यथोचित वन । फलाम बलियो धातु हो । तर खियाको संगत गर्दा खियाले सकिन्छ । कवाडि बन्छ । सामाजिक सञ्जालमा भेटिने रेकर्ड सुन्दा फेरी कसरी मिलेका हुन, आरोप पत्यारोप कसरी विर्सेका हुन, कसम वाचा कसरी पचाएका हुन, अचम्म । अहिले रुपैयाँको भन्दा सुकिको मोल धेरै हुँदा दश पैसाको भ्यालु अप्रत्यसित रुपमा बढेको छ । एउटा सिक्का घरि त्रिशुल हुँ भन्छ घरि गाई हुँ भन्छ । विहेको वेहुलाको जन्ति भन्दा गन्ति बढी । तरकारी जोख्दा तराजुमा माहुरी बसेर फरक नपरे जस्तो सोचेर हुन्छ र सुन जोख्दा तराजुमा माहुरी बसो भने लाखको फरक पर्छ । कवि शिरोमणीले त्यसै किन कोर्ये र हिलैमा भ्यागुतो बस्छ हिलैमा कमलस्थिती, स्थानले मात्र के गर्नु भिन्नैछ गुणको गति । स्थान विशेष मान सानाले पनि पाउछ, कृष्णाका तटका ढुङ्गा देवता कहलाउँछ । पुरानो सबै त्याज्य हुँदैन, नयाँ सबै ग्राह्य हुँदैन । पुरानो जुत्ता सजिलो खुट्टा, तलुवा फाटे टालेर हुन्न । यथोचित हुन सिक यथोचित । आमा भन्दा छोरी जान्ने पाकेको भातमा पानी थप्ने । खेतका मुला एउटै ड्याङका । अनिकालको तोरी सहकालको कोदो मिसाएर पिसो तेल न पिठो ।

# पाल्पामा लागु पदार्थ प्रयोगकर्ता बढ्दो : रोक्न छलफल

कृष्ण पोखरेल

**पाल्पा,** असार ७/जिल्लामा लागु पदार्थ प्रयोगकर्ता बढ्दो रहेको एक कार्यक्रममा निष्कर्ष निकालिएको छ । जिल्ला सुरक्षा समितिले आयोजना गरेको सरोकारवालसँगको छलफलमा जिल्लामा लागु पदार्थ प्रयोगकर्ता बढको निष्कर्ष निकालेको हो ।

लागु पदार्थ दुरुपयोग तथा ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवसको अवसरमा आयोजना गरिएको साताव्यापी कार्यक्रम अन्तर्गत सरोकारवालसँगको छलफलमा जिल्लामा १४ देखि ३५ बर्ष उमेर समूह र कक्षा ८ देखी १२ सम्म पढ्ने, राजमार्ग र सहायक मार्गका आसपासमा व्यवसाय गर्नेहरु यो लतमा बढी लागेको प्रहरीले खुलासा गरेको छ ।

लागु पदार्थ प्रयोगलाई रोक्न समितिले छलफल चलाएको हो । लागुपदार्थ ओसार पसारलाई विशेष निगरानी बढाएको र नियन्त्रणका लागि सरोकारवालाहरुसँग छलफल गर्दै



आएको प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लले बताए । कार्यक्रममा खुलेआम होटल तथा रेष्टुराहरुमा हुक्का खाने, लुकिछिपी विद्युतीय चुरोटको प्रयोग, कडाखालका अफिम, चरेश पदार्थहरु सेवन गर्ने मध्यपान र धुम्रपानबाट लागु पदार्थ सेवनमा लागेका घटनाहरु बढ्दै गएकोले नियन्त्रणको लागि समुदायसँगै सुरक्षा निकाय सक्रिय भएर लाग्नु पर्नेमा सरोकारवालाले जोड दिएका छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख (एसपी) नरेन्द्र चन्दले जिल्ला सुरक्षा समितिले विविध जनचेतनामुलक कार्यक्रम गरेर साताव्यापी सचेतनाका कार्य गर्ने योजना बनाएको बताए । प्रहरी कार्यालयका डिएसपी एवं सूचना अधिकारी सुगन्ध श्रेष्ठले लागु पदार्थ दुर्व्यसनीको अवस्था, परिवार, समाजमा पर्ने असर, कुलतमा फस्ने अवस्था, कानूनी प्रावधान, दण्डजरिवाना तथा सजायको अवस्थाबारे जानकारी गराएका थिए । प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेको अध्यक्षता र जिल्ला प्रशासन कार्यालयका नायव सुब्वा मनोज आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## उत्पादन...

...युवा रोजगार र स्वरोजगारका कार्यक्रमहरु अगाडि बढाइने, पाल्पाली करुवा, तामा र फलामका भाँडा तथा औजारहरुको उत्पादन र बजारिकरणमा विशेष पहल गरिने जनाइएको छ । यस्तै पाल्पाली ढाकाको विकास, विस्तार र प्रचार प्रसार गर्न नगरपालिका र मातहतका कार्यालयहरुमा कार्यरत जनप्रतिनिधि, कर्मचारीहरुका लागि शुक्रबारका दिन पाल्पाली ढाकाबाट निर्मित पोशाक र ढाका ढोपी लगाउने नीति समेत नगर सरकारले लिएको छ । यस्तै नगर सरकारले द्वन्द्व पीडित, असहाय तथा एकल महिलाहरुको लागि सीपमूलक कार्यक्रम सञ्चालन गर्ने, रोजगार सूचना केन्द्रमार्फत बेरोजगारहरुको तथ्यांक संकलन र अध्यावधिक गरी प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ श्रममा आधारित रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउने समेत नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । बैंठकमा उपप्रमुख सिंजालीले आर्थिक वर्षको लागि १ अरब, ७६ करोड ७६ लाख २० हजार ९ सय ५७ बराबरको अनुमानित बजेट पेश गरेकी छन् । यो अघिल्लो बजेट भन्दा बढेर आएको छ । नगर सरकारले आर्थिक वर्ष २०८०/०८१ मा १ अरब २ करोड ८० लाख ६४ हजार ३ सय ६७ बराबरको बजेट ल्याएको थियो । यस पटक पूँजीगत बजेट बढी देखिएको छ । शहरी शासकीय कार्यक्रमतर्फको पुँजीगत रकमको कारण पुँजीगत खर्च बढी देखिएको उपप्रमुख सिंजालीले बताईन् । उनका अनुसार आर्थिक वर्ष २०८१/०८२ का लागि चालुतर्फ ८४ करोड ७७ लाख ७ हजार ५ सय ७५ (४७.९६ प्रतिशत) र पुँजीगततर्फ ९१ करोड ९९ लाख १३ हजार ३ सय ८२ (५२.०४ प्रतिशत) रहेको छ । आर्थिक विकास क्षेत्रतर्फ ६ करोड २ लाख ४६ हजार १ सय ४९, भौतिक पूर्वधार विकासतर्फ ८३ करोड ८१ लाख ९२ हजार ४ सय ५३, सामाजिक विकासतर्फ ६९ करोड ३७ लाख ५९ हजार ४ सय ७२, सुशासन तथा संस्थागत विकासतर्फ १४ करोड ८८ लाख ३७ हजार ७ सय २, वातारण तथा विपद् व्यवस्थापनतर्फ २ करोड ६५ लाख ८५ हजार १ सय ८९ रहेको उपप्रमुख सिंजालीले उल्लेख गरिन् ।

यस्तै बैंठकमा आर्थिक विकास समितिका संयोजक हेमन्तराज शाक्यले आर्थिक विधेयक २०८१, उपप्रमुख प्रतिक्षा सिंजालीले विनियोजन विधेयक २०८१, मध्यकालीन खर्च संरचना २०८१, न्यायक समितिको चालु आ.व. को हालसम्मको प्रतिवेदन, विधायन समितिका संयोजक महेश्वर श्रेष्ठले लैंङिक समानता, अपाङ्ता, तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०८१, प्रज्ञा प्रतिष्ठान विधेयक २०८१ समेत पेश गरेका छन् । सभामा पेश गरेका प्रतिवेदन, विधेयक माथि असार २८ गते बस्ने नगर सभाको दोस्रो बैंठकमा व्यापक छलफलसहित पारित गरिने नगरप्रमुख श्रेष्ठले बताए । सभाको नगरप्रमुख श्रेष्ठको अध्यक्षा, सूचना अधिकृत भरत आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो । सभामा सदस्य सचिव तथा प्रमुख प्रशासकिय अधिकृत हरिराम नागिला, जनप्रतिनिधि, कर्मचारी र पत्रकारहरुको उपस्थिती रहेको थियो ।

## रामपुरका...

...आय तर्फ संघीय समानिकरण अनुदान १२ करोड ६ लाख, संघीय राजस्व बाँडफाँडबाट ११ करोड ६ लाख, संघीय समपुरक पूँजिगत १ करोड ३५ लाख, सशर्त चालु तर्फ ३४ करोड ५३ लाख ४ हजार, संघीय सशर्त पूँजिगत १ करोड २० लाख, प्रदेश समानिकरण अनुदान ८२ लाख ६५ हजार, प्रदेश राजस्व बाँडफाँड ८१ लाख ४० हजार, प्रदेश समपुरक १ करोड ५ लाख, प्रदेश सशर्त १ करोड र आन्तरिक स्रोत बाट ९ करोड ९५ लाख ९५ हजार जुटाउने अनुमान गरिएको छ ।

सभामा मीनबहादुर सिंजाली, तेजबहादुर राना, मोहनबहादुर राना, दुर्गाप्रसाद पोखरेल, दिवाकर देवकोटा, दिनेश आचार्य, तोयानाथ सारु थापा लगायतले आ-आफ्ना सुझाव राखेका थिए । सभामा उत्कृष्ट कर्मचारीहरु शाखा अधिकृत युवराज पन्थी, योजना शाखा प्रमुख विक्रम बस्नेत, वडासचिव रजनी भण्डारी, वरिष्ठ प्रहरी हवल्दार तारबहादुर सेन, सवारी चालक केशवराज गैरे, कार्यालय सहयोगी शारदा आचार्य, उत्कृष्ट करदाता चन्द्र सूर्य हार्डवयरका व्यवस्थापक दिपक आचार्य, पन्थे बरादी गैरा टोल विकास संस्था र पत्रकार इमान सिं रानालाई नगद र सम्मान पत्रले सम्मान गरिएको थियो । नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता, नगर प्रवक्ता कपिल बहादुर खाँणको स्वागत, प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डितको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## अस्ट्रेलियाले बंगलादेशलाई २८ रनले हरायो



**काठमाडौं,** असार ७/आइसिसी टि-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर आठको खेलमा अष्ट्रेलियाले बङ्गलादेशलाई २८ रनले पराजित गर्दै विजयी भएको छ । नर्थ साउन्डमा भएको उक्त खेल पानी परेर खेल अवरुद्ध भएपछि डकवर्थ एण्ड लुइस (डिएलएस) पद्धतिका आधारमा अष्ट्रेलिया विजयी भएको हो । टस हारेर पहिले ब्याटिङ गरेको बङ्गलादेशले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १४० रनको योगफल बनाएको थियो ।

एक सय ४१ रनको विजयी लक्ष्य पछ्याएको अष्ट्रेलिया ११ दशमलव २ ओभरको खेल चलिरहँदा पानी परेपछि खेल प्रभावित बनेको थियो । त्यतिबेला अष्ट्रेलियाले दुई विकेट गुमाएर १०० रन बनाएको थियो । त्यसपछि पानी नरोकिएपछि डिएलएस मेथडका आधारमा अष्ट्रेलियालाई विजयी घोषणा गरिएको हो । अष्ट्रेलियाका लागि डेभिड वार्नरले ३५ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा अविजित ५३ रन बनाएका थिए । त्यस्तै ट्राभिस हेडले २१ बलमा तीन चौका र दुई छककाको सहयोगमा ३१ रन बनाएका थिए । त्यसअघि पहिला ब्याटिङ गरेको बङ्गलादेशका कप्तान नजमुल फदोय शान्टोले सर्वाधिक ४१ रनको योगदान दिए । उनले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गर्दै ४१ रन बनाएका हुन । त्यस्तै टोहिद हरिडोइले २८ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ४० रन बनाए । बलिङतर्फ स्ट्रेलियाका प्याट कमिन्सले तीन विकेट लिए भने एडम जाम्पाले दुई तथा मिचेल स्टार्च, मार्कस स्टोइनिस र ग्लेन म्याक्सवेलले समान एक/एक विकेट लिए ।

### अर्थ/कर्पोरेट समाचार

## सार्वजनिक ऋण २४ खर्बभन्दा बढी

**काठमाडौं,** असार ७/नेपालको कुल सार्वजनिक ऋण २४ खर्ब नाँघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा आन्तरिक ऋण ११ खर्ब ९२ अर्ब ४८ करोड र बाह्यतर्फ १२ खर्ब सात अर्ब ८६ करोड बराबर रहेको छ ।

चालु आवको सुरुआत अर्थात् २०८० असार मसान्तमा कुल सार्वजनिक ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर थियो । चालु आवको ११ महिनामा मात्र एक खर्ब ९९ करोड बराबर ऋण थपिएको हो । हालसम्मको कुल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४९ दशमलव ६८ र बाह्य ऋणको हिस्सा ५० दशमलव ३२ प्रतिशत छ ।

बाह्य ऋणतर्फ बहुपक्षिण ऋणदातालाई १० खर्ब ७१ अर्ब ११ करोड र द्विपक्षीय ऋणदातालाई एक खर्ब ३६ अर्ब ७४ करोड बराबर तिर्न बाँकी छ । त्यस्तै, आन्तरिक ऋणतर्फ विकास बण्डको दायित्व सबैभन्दा बढी सात खर्ब ६४ अर्ब ९४ करोड बराबर छ । हालसम्मको ट्रेजरी बिलको दायित्व चार खर्ब १२ अर्ब ६९ करोड, नागरिक बचतपत्रको दायित्व १० अर्ब ७५ करोड, वैदेशिक रोजगारी बचतपत्रको दायित्व १७ करोड र आईएमएफ बण्डको दायित्व तीन अर्ब ९१ करोड बराबर छ । चालु आर्थिक वर्षका लागि सरकारले कुल चार खर्ब ५२ अर्ब ७५ करोड बराबर ऋण उठाउने लक्ष्य राखेको थियो । जसमध्ये आन्तरिक ऋण दुई खर्ब ४० अर्ब र बाह्य ऋण दुई खर्ब १२ अर्ब ७५ करोड उठाउने लक्ष्य थियो । गत वैशाख मसान्तसम्ममा सरकारले आन्तरिकतर्फ दुई खर्ब २५ अर्ब र बाह्यतर्फ ८२ अर्ब ६७ करोड बराबर ऋण उठाइसकेको छ । वार्षिक लक्ष्यका आधारमा हालसम्मको कुल ऋण प्राप्ति ६७ दशमलव ९६ प्रतिशत बराबर हो ।

आन्तरिक तर्फ वार्षिक लक्ष्यको ९३ दशमलव ७५ र बाह्य तर्फ वार्षिक लक्ष्यको ३८ दशमलव ८६ प्रतिशत बराबर रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । चालु आवभित्र उठाइसक्ने लक्ष्य लिइएको ऋणमध्ये वैशाख मसान्त सम्ममा आन्तरिकतर्फ रु १५ अर्ब र बाह्रयतर्फ रु एक खर्ब ३० अर्ब सात करोड गरी कुल एक खर्ब ४५ अर्ब बराबर उठ्न बाँकी रहेको कार्यालयका प्रमुख दीर्घराज मैनालीले जानकारी दिए । चालु आवमा सरकारी ऋणको साँवा तिर्न दुई खर्ब २५ अर्ब १७ करोड र ब्याज तिर्न एक खर्ब पाँच अर्ब ३८ करोड बराबर विनियोजन भएको थियो ।

जसमध्ये चालु आवको १० महिनामा साँवातर्फ एक खर्ब ९७ अर्ब ३२ करोड अर्थात् विनियोजित बजेटको ८७ दशमलव ८३ प्रतिशत र बाह्रयतर्फ ३१ अर्ब ५२ करोड अर्थात् ७० दशमलव नौ प्रतिशत बराबर भुक्तानी भइसकेको कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षको गत वैशाख मसान्तसम्म तिरिएको सार्वजनिक ऋणको साँवा ब्याजमध्ये आन्तरिकतर्फको भुक्तानी दुई खर्ब २७ अर्ब २० करोड र बाह्य ऋणको साँवा ब्याजमा ४३ अर्ब ९९ करोड बराबर खर्च भएको छ । *-रासस*


## आँप/केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०३/०६**

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा विक्री वितरणमा सम्लग्न व्यवसायीहरुलाई जानकारीका लागी सूचित गरिन्छ ।

आँप/केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, मातहतका कार्यालय वा यस डिभिजन कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ । साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय**
तानसेन, पाल्पा
Email : ftqcdopalpa@gmail.com
Website : www.dftqc.gov.np (विभागको)
सम्पर्क ०७५-५२१४९५, ९८५७०२१४९५

## सामाजिक सञ्जालको दुरुपयोग बारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने फेसबुक, ट्विटर, ईन्स्टाग्राम लगायतका सामाजिक संजालको एकाउन्ट प्रयोग पश्चात लगआउट गरौं,
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ,
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं,
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं,
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ,
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ,
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ,
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ,
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ,
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

**लुम्बिनी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई